नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

## प्रेस विज्ञप्ति

कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका लागि सम्माननीय प्रधानमन्त्रीज्यूबाट प्राप्त निर्देशनहरूको समन्वय, सहजीकरण र नीतिगत सुधार गर्न/गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय क्रियाशील छ।

गृह मन्त्रालयका अनुसार जेठ ७ र ८ गतेका दिन देशभरका विभिन्न सीमानाकाहरूबाट ४,३०२ नेपाली नागरिकहरूले नेपाल प्रवेश गरेका छन्। अक्सिजन उत्पादन, आपूर्ति र वितरणलाई प्रभावकारी बनाउन जेठ ७ र ८ गते जम्मा २७६ स्थानमा अनुगमन भएका छन्। अनुगमनको क्रममा देशभर विभिन्न उद्योग तथा निर्माण क्षेत्रमा रहेको ३,६७२ सिलिण्डर मेडिकल प्रयोजनका लागि फिर्ता गराइएको छ। कोभिड संक्रमितको उपचारार्थ डेडिकेटेड रुपमा देशभर ४४२ अस्पतालहरू सञ्चालनमा रहेकामा विगत २ दिनमा ५ वटा थप भई ४४७ कायम भएका छन्। विगत २ दिनमा मात्र ३४६ अक्सिजन सिलिण्डर संकलन र ५३६ अक्सिजन सिलिण्डर वितरण र निषेधाज्ञा उलंघन गर्ने ४,७६२ सवारी साधनलाई कारवाही गरिएको जनाइएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार गत २४ घण्टामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका साथै पोखरा, नेपालगञ्ज र लुक्ला विमानस्थलबाट विभिन्न वायुसेवाले ६५ आन्तरिक उडान भरी जम्मा २२४ यात्रुहरूको उद्धार गरिएको अवस्था छ। एयर बबल सुविधा अन्तर्गत विभिन्न मितिमा नेपाल आएका जम्मा २६३ जना मन्त्रालयबाट सूचिकृत होटलहरूको क्वारेन्टिनमा रहेका छन्।

परराष्ट्र मन्त्रालयका अनुसार स्वीजरल्यान्डबाट ११ लाख एन्टिजेन टेस्ट किट, १० गोटा अक्सिजन कन्सन्ट्रेटर, ४० थान भेन्टिलेटर, १,००० अक्सिजन नासल क्यानुला, १,१०,००० थान केएन ९५ मास्क, विभिन्न साइजका ५०,००० थान ग्लोब, १५,००० प्रोटेक्टिभ सुट प्राप्त भएको छ। चीनको तिब्बत सरकारले प्रदान गरेको पहिलो किस्ता अन्तर्गतको १५० थान तरल अक्सिजन सिलिण्डर (३० हजार तरल अक्सिजन) हिजो २२ मे मा तातोपानी नाकामा नेपाली पक्षले बुझिलिएको अवस्था छ। युरोपियन युनियनबाट सिभिल प्रोटेक्सन मेकानिजम् अन्तर्गत फिनल्यान्डबाट २२ लाख फेसमास्क, ३,५०,००० एफ.एफ.पी.टु मास्क, ५२,५०० जोर भिनाइल ग्लोभ र ३०,००० आइसोलेसन गाउन, फ्रान्सबाट १४ थान भेन्टिलेटर, २०,००० एन्टिजेन टेस्ट किट र ५,००,००० के.एन.९५ मास्क, जर्मनीबाट ६२ थान भेन्टिलेटर, २७,५०० एफ.एफ.पी.टु मास्क, ३०,००० सर्जिकल मास्क, १०० थान गमबुट (मोजा सहित), २०० बडी व्याग, आइसोलेसन टेन्ट ५ गोटा र २५,००० लि. स्यानिटाइजर र बेल्जियमबाट १,००,००० सर्जिकल मास्क र २,००० नासल क्यानुला रहेको छ। चीनको यूनान प्रान्तले नेपाललाई १,००,००० थान सर्जिकल मास्क, ४८,००० थान एन९५ मास्क र ३,८२० थान पि.पि.ई. प्रदान गर्न लागेको जानकारी प्राप्त भएको छ। चीनले नेपाललाई १,५०० थान अक्सिजन सिलिन्डरहरु मे महिनाको अन्त्यसम्ममा रसुवागढी नाकामा हस्तान्तरण गरिने जानकारी प्राप्त भएको छ।



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

नेपालले हाल सामना गरिरहेको कोभिड-१९ महामारीको रोकथाम तथा नियन्त्रण सन्दर्भमा मेडिकल सहायताको लागि अनुरोध गर्दै गत २०७८ जेठ २ मा सम्माननीय राष्ट्रपतिज्यूले थाईल्याण्डका राजालाई सम्बोधन गर्दै पत्र पठाउनुभएको छ। नेपालको अनुरोधलाई स्वीकार्दै थाईल्याण्डका राजा, रानी तथा राजकुमारीका तर्फबाट नेपाल सरकारलाई सहयोग स्वरुप प्रदान हुने अटोम्याटिक अक्सिजन कन्सन्ट्रेटर, पिपई, सर्जिकल मास्क, एन्टिजेन टेस्ट किट लगायतका स्वास्थ्य उपकरण तथा सामाग्रीहरू लिई रोयल थाई फोर्सको एक विशेष विमान यही २८ मे २०२१ मा नेपाल आउने भएको जनाइएको छ।

भारतबाट तरल अक्सिजनको सहज आपूर्तिका लागि क्रायोजेनिक एवम् अन्य अक्सिजन ट्यांकरहरू उपलब्ध गराइदिन भारतीय पक्षलाई अनुरोध गरिएकोमा उत्तर प्रदेश सरकारको आदेशबाट डि.एण्ड.टि. ट्रेडर्स, गाजियबाद मार्फत नेपाललाई तत्काल दुई थान ट्यांकर उपलब्ध गराउन अनुमति प्रदान भएको जनाइएको छ।

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारको लागि ४०,७६,०३१ थान विभिन्न मेडिकल उपकरणहरू र औषधिहरू (स्यानिटाइजर, कोभिड-१९ परीक्षण किट, अक्सिजन, रेम्डिसिभर) पैठारी भएको छ। कोभिड-१९ रोकथाम तथा नियन्त्रणको लागि भक्तपुर क्यान्सर अस्पताल, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, चरिकोट अस्पताल, जिरी अस्पताल, बाजुरा अस्पताल, बझांग अस्पताल, डोटी अस्पताल, अछाम अस्पताल, सोलुखुम्बु अस्पताल, खोटाङ्ग अस्पताल, ताप्लेजुङ्ग अस्पताल, सूर्य विनायक अस्पताल र मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर गरी १३ अस्पतालहरमा अक्सिजन प्लान्ट खरिद तथा जडान र एच.डि.यू. जडान गर्न रु. १७ करोड ८७ लाख ७० हजार सम्मको सहमति प्रदान गर्ने निर्णय भएको जनाइएको छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका अनुसार महामारीका रुपमा फैलिरहेको कोभिड-१९ का बारेमा सकारात्मक समाचार, बुलेटिन, कार्यक्रम, सचेतनामुलक पि.एस.ए./जिङ्गल्स, स्वास्थ्य विज्ञको सल्लाह एवम् अन्तर्वाता र संक्रमण भई निको भएका बिरामीहरूको अनुभव आमसञ्चार माध्यमबाट निरन्तर प्रसारण/प्रकाशन भईरहेको जनाइएको छ।

कोभिड-१९ को बढ्दै गइरहेको संक्रमण विरुद्ध अन्तर निकाय समन्वय, उच्च मनोवल र जिम्मेवारी पूर्वक कार्य सम्पादनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सबैमा हार्दिक अपिल गर्दछ।

मिति २०७८ जेठ ९

किरणराज शर्मा
प्रवक्ता



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np